**प्रश्न नं. २२**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.२५६२ देखि २६८३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

शंकर स्थापितको जाहेरीले नेपाल सरकार

विरुद्ध

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ८ बस्ने हिराकाजी श्रेष्ठ र राकेश महर्जन

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मिति २०७६।७।१५ गतेदेखि म आफ्नो घरमा काम काजमा व्यस्त रहेकोले सानीआमा (नानीशोभा श्रेष्ठ) लाई भेटघाट गर्न पाएको थिएन । मिति २०७६।८।४ का दिन म आफ्नो अफीसमा गएको अवस्थामा काठमाडौं महानगरपालिका वडा नं. २२ का वडा सदस्य मुकेश स्थापितले तिम्रो सानीमा दूध लिन पनि आएकी छैनन् । ३ दिन देखि कतै देखिएकी छैनन् । ढोका वन्द छ भनी निजले भने पछि निज वडा सदस्य र म गई हेर्दा ढोका बन्द थियो । निज वडा सदस्यकै सल्लाह अनुसार पुलिसलाई खवर गरी पुलिस लिई उक्त स्थानमा गै चुकुल नलागेको ढोका खोली हेर्दा निज सानीआमालाई खुट्टामा बाँधी कर्तव्य गरी मारेको र सम्पत्ति चोरी लगेको हुँदा अनुसन्धान गरी कानूनी कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको शंकर स्थापितको मिति २०७६।८।४ को जाहेरी दर्खास्त ।

२. दक्षिणतर्फ संकटा मन्दिरको कम्पाउण्ड, उत्तरतर्फ मृतकको घर, पूर्वतर्फ कमल चित्रकारको घर, पश्चिमतर्फ चतुररत्नको घर यति ४ किल्ला भित्र पर्ने काठमाडौं जिल्ला टेवहाल स्थित नानीशोभा श्रेष्ठको घर रहेको, उक्त घरको भुई तल्लाको पश्चिमतर्फको कोठाको पूर्व पट्टीको गाह्रोमा २ फिट परिधिको प्वाल पारेको र माथिल्लो तल्लामा आई हेर्दा झ्याल खुला रहेको, ओछ्यान लथालिङ्ग भएको, सो स्थानमा नानीशोभा मृतक अवस्थामा रहेको, टिनको वाक्सा खुला अवस्थामा रहेको, पूजा गर्ने ठाउँमा मूर्ति नभएको, दुवै गोडाको पिँडौलामा सेतो कपडाले बाँधेको, सोही कपडाले दुवै हात पछाडि लगी बाँधिएको, लास घोप्टो रहेको भन्ने समेत व्यहोराको मिति २०७६।८।४ को घटनास्थल तथा लाश जाँच प्रकृति मुचुल्का ।

३. मिति २०७६।८।७ गते मुकेश स्थापित तथा पुरुषोत्तम चित्रकारले मृतकको भतिजा नाता पर्ने हिराकाजी श्रेष्ठ मृतकको घरमा बारम्बार आउने जाने गर्दथे । मृतकको पिताको नामको नामसारी नभएको जग्गा सानी आमाको नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाइरेहेको कुरा गर्ने गर्दथे । सोही जग्गाको विषयका कारण निज हिराकाजी समेत भई मृतकको हत्या गरेको हुन सक्ने भन्ने व्यहोराको घटना सम्बन्धमा गरिदिएको घटना विवरण कागज ।

**प्रश्न नं. २२**

४. मेरो श्रीमतीको नाता पर्ने भएकोले र निज मृतकको कोही नभएकोले मैले समय समयमा हेरविचार गर्ने, कहिले काहीं केही खर्च दिने गर्दथें । मिति २०७६।८।४ गते निज नानीशोभालाई कर्तव्य गरी मारे छन् भन्ने पुरुषोत्तमले भनेकाले थाहा पाएको हुँ भन्ने समेत व्यहोराको दीर्घमान श्रेष्ठको कागज ।

६. मृतक नानीशोभा मेरी सानीआमा हुन । निजको पिताको ७/८ वर्ष अगाडि मृत्यु भएको र निजको पतिसँग पनि सम्बन्ध विच्छेद भएकोले मैले हेरचाह गरी आएको थिएँ । मृतकका बाबु रामकाजीको नाउँमा दर्ता रहेको काठमाडौं जिल्ला धापासीको ६ रोपनी जग्गा मेरो नाउँमा नामसारी गर्ने कार्य भइरहेको थियो । सो जग्गाको सम्बन्धमा नक्कली रामकाजी गरी खडा गरी लालपूर्जाको प्रतिलिपि निकाल्ने काम गरेका छन भन्ने थाहा पाई निजले मसँग सोधपुछ गरेकीले सो कुरा सार्वजनिक हुने भयो भनी निज सानी आमा नानी सोभालाई मार्ने योजना बनाई म र राकेश महर्जन भई नानीशोभाको घरमा गयौं र निज भएको कोठामा भित्ता फोडी पसी राकेश महर्जनले मृतकको खुट्टा समाउने र मैले रुमाल कोची घाँटी अठ्याई मारी घरतिर गयौं भन्ने समेत व्यहोराको हिराकाजी श्रेष्ठको अधिकारप्राप्त अधिकारी समक्षको वयान कागज ।

७. हिराकाजी श्रेष्ठको बहकाउमा लागि निजको सानीआमा नानी सोभालाई मार्ने योजना बनाई म र हिराकाजी भई नानीशोभाको घरमा गयौं र निज भएको कोठामा भित्ता फोडी पसी मैले मृतकको खुट्टा समाउने र हिराकाजीले रुमाल कोची घाँटी अठ्याई मारी घरतिर गयौं भन्ने समेत व्यहोराको राकेश महर्जनको अधिकारप्राप्त अधिकारी समक्षको वयान कागज ।

८. कुनै भौतिक चिजबाट घाँटीमा कम्प्रेशन हुन गै उत्पन्न एफेक्सीयाले मृत्यु भएको हो भन्ने मिति २०४९।९।२९ को पोष्टमार्टम रिपोर्ट ।

९. हिराकजीले आज जसरी भएपनि नानीशोभाको हत्या गरी निजको बुवाको नामको जग्गा हामीले हडप्नु छ । जग्गा प्राप्त भयो भने बाँडीचुडी खाउंला भन्ने आश्वासन दिएका कारण म पनि निजको संगसाथै मृतकको घरमा गई मैले मृतकको खुट्टा समाउने र हिराकाजीले रुमाल कोची घाँटी अठ्याई मारी घरतिर गयौं भन्ने राकेश महर्जनको अधिकारप्राप्त अधिकारी समक्षको वयान कागज ।

१०. अनुसन्धानबाट संकलित कागजात एवं प्रमाणका आधारमा मृतक नानीशोभा श्रेष्ठको हत्या गरेको देखिएको हत्या गर्ने कार्यमा संलग्न हिराकाजी श्रेष्ठ तथा राकेश महर्जनले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७(१) को कसूर गरेको हुंदा ऐ ऐ को दफा १७७(२) बमोजिम सजाय हुनुपर्ने माग दावी सहित प्रतिवादीहरु जना २ लाई यसै साथ प्रस्तुत गरिएको छ भन्ने समेत व्यहोराको अभियोग-पत्र ।

११. प्रतिवादीहरुको अदालत समक्ष इन्कारी बयान

१२. प्रतिवादीहरुका साक्षीहरु तथा घटना विवरण कागज गर्ने व्यक्तिहरुको बकपत्र

१३. काठमाडौं जिल्ला अदालतको फैसला ।

१४. श्री उच्च अदालत पाटनमा पेश भएको पुनरावेदनपत्र ।